NJ: NUTA

# संस्कृत महाकाव्य सिद्धान्तको विवेचन

**महानन्द तिमिल्सिना**
पिण्डेश्वर विद्यापीठ, धरान
Email for correspondence: timsinamahananda@gmail.com

## पृष्ठभूमि

संस्कृत साहित्यमा महाकाव्यको महत्वपूर्ण स्थान रहेको छ । महाकाव्यको अर्थ 'महत् काव्यम्' अर्थात् ठूलो काव्य भन्ने हुन्छ । वर्णन अर्थ भएको 'कवृ' धातुबाट 'कवि' शब्द बन्छ । सोही धातुमा स्वार्थमा 'ण्य'/'ण्यत्' वा 'ष्य' प्रत्यय लागेर काव्य शब्द निर्माण हुन्छ । वैदिक युगदेखि नै काव्य शब्दको प्रयोग हुँदै आएको पाइन्छ । काव्य शब्दले व्यापक अर्थमा साहित्यलाई र सूक्ष्म अर्थमा कवितात्मक काव्यलाई जनाउँछ । महाकाव्यले ठूलो आकार प्रकार भएको गरिमामय एवं विशिष्ट काव्यलाई चिनाउँछ । अङ्ग्रेजी भाषामा महाकाव्यका लागि भ्एक्षत्रृ शब्दको प्रयोग गरिएको पाइन्छ । कविताका लघुतम, लघु, मध्यम र बृहत् रूपमध्ये महाकाव्यलाई बृहत् रूप मानिन्छ । महाकाव्य शब्द संस्कृत साहित्यमा विक्रमको छैटौं शताब्दीबाट प्रचलनमा आएको देखिन्छ । छैटौं शताब्दीका भामहले महाकाव्यको स्वरूपका विषयमा प्रष्ट पारेका छन् । भामहभन्दा अगाडिका पहिलो शताब्दीका आचार्य भरतमुनिले 'नाट्यशास्त्र'मा नाटकीय विषयवस्तुहरूको मात्र चर्चा गरेको देखिन्छ । त्यसैले भामह नै महाकाव्य सिद्धान्त प्रतिपादन गर्ने आद्याचार्य हुन् । महाकाव्यलाई ठूलो आकारमा लेखिएको, महान् चरित्रको वर्णन गरिएको, आदर्श संस्कारलाई प्रस्तुत गरिएको, परिमार्जित उत्कृष्ट काव्य मानिन्छ । इ.पू. पाँचौं शताब्दीतिर लौकिक संस्कृत भाषाको प्राचीन वाङ्मय ग्रन्थ रामायण र महाभारतको रचना भएपछि महाकाव्य लेखनको प्रारूप तयार भएको पाइन्छ । वाल्मीकिको संस्कृत भाषामा लेखिएको रामायणलाई पहिलो संस्कृत महाकाव्य मानिन्छ । महाकाव्य सिद्धान्तको चर्चा भने छैटौं शताब्दीबाट मात्र सुरु भएको देखिन्छ ।

## महाकाव्यसम्बन्धी विभिन्न संस्कृत काव्यशास्त्रीहरूको मान्यता

छैटौं शताब्दीका भामहदेखि महाकाव्य सिद्धान्तका विषयमा चर्चा सुरु भएको पाइन्छ । भामहपछि दण्डी, वामन, रुद्रट, आनन्दवर्धन, हेमचन्द्र, विश्वनाथ जस्ता आचार्यहरूले महाकाव्यका सन्दर्भमा आ-आफ्ना दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । यी आचार्यहरूले प्रस्तुत गरेका महाकाव्य सम्बन्धी मान्यताहरूलाई यस लेखको मुख्य विषय बनाई निम्नअनुसार प्रस्तुत गरिन्छ ।

## भामहको महाकाव्यसम्बन्धी मान्यता

छैटौं शताब्दीमा जन्मिएका भामहले आफ्नो लाक्षणिक ग्रन्थ 'काव्यालङ्कार'मा महाकाव्य सम्बन्धी मान्यताको चर्चा गरेका छन् । भामह अलङ्कारवादी आचार्य हुन् । उनी महाकाव्यका विषयमा चर्चा गर्ने

पहिला आचार्य हुन् । प्रथम शताब्दीका आचार्य भरतमुनिले यस विषयमा कुनै चर्चा गरेको पाइँदैन । भामहले काव्यालङ्कारको प्रथम परिच्छेदमा महाकाव्यलाई यसरी चिनाएका छन् :

सर्गबन्धो महाकाव्यं महताञ्च महच्च यत् ।
अग्राम्यशब्दमर्थ्यञ्च सालङ्कारं सदाश्रयम् ॥१:१९
मन्त्रदूत प्रयाणाजिनायकाभ्युदयैश्च यत् ।
पञ्चभिः सन्धिभिर्युक्तं नातिव्याख्येयमृद्धिमत् ॥ १:२०
चतुर्वर्गाभिधानेऽपि भूयसार्थोपदेशकृत् ।
युक्तं लोकस्वभावेन रसैश्च सकलैः पृथक् ॥१:२१
नायकं प्रागुपन्यस्य वंशवीर्यश्रुतादिभिः ।
न तस्यैव वधं ब्रूयादन्योत्कर्षाभिधित्सया ॥१:२२
यदि काव्यशरीरस्य न स व्यापितयेष्यते ।
न चाभ्युदयभक्तस्य मुधादौ ग्रहणस्तवौ ॥१:२३ (भामहः २०१९:३)

यसरी भामहले महाकाव्य सर्गमा बाँधिएको महान् चरित्रले युक्त विशाल काव्य हुनुपर्ने बताएका छन् । यसरी उनले ग्रामीण शब्दार्थको प्रयोग नभएको, आलङ्कारिक भाषा भएको सज्जनको चरित्रमा आश्रित रहेको मन्त्रणा, दूतप्रेषण, युद्ध, नायकको उन्नतिको वर्णन हुनपर्ने जनाएका छन् । त्यस्तै उनले पञ्चसन्धिले युक्त हुनुपर्ने, धर्मार्थकाममोक्षको प्रस्तुति रहेको र विशेष गरी उपदेश दिने किसिमको महाकाव्य हुनुपर्ने स्पष्ट पारेका छन् । यसैगरी उनले महाकाव्यमा विभिन्न रसको प्रयोगका साथै यथार्थ परिवेशको चित्रण हुनुपर्ने कुरामा जोड दिएका छन् । त्यस्तै उनले पहिले नायकको वंश, पराक्रम, विद्या आदिको वर्णन गरी पछि अरूको उत्कर्षता देखाउन नायकको बध गर्नु नहुने बताएका छन् ।

### दण्डीको महाकाव्यसम्बन्धी मान्यता

भामहपछि सातौं शताब्दीका दण्डीले महाकाव्यसम्बन्धी धारणा प्रकट गरेका छन । दण्डी पनि अलङ्कारवादी आचार्य हुन् । उनका 'काव्यादर्श', 'दशकुमारचरित', अवन्तिसुन्दरीकथा जस्ता रचनाहरू प्रकाशित छन् । उनको 'काव्यादर्शः' लाक्षणिक ग्रन्थ हो । यसको प्रथम परिच्छेदमा उनले काव्यको वर्गीकरण गर्दै महाकाव्यको स्वरूप प्रस्तुत गरेका छन् । उनले पद्य काव्यका भेदअन्तर्गत मुक्तक, कुलक, कोष र सङ्घातको उल्लेख गर्दै यिनलाई सर्गबन्ध अर्थात् महाकाव्यको अङ्गका रूपमा स्वीकारेका छन् । दण्डीले महाकाव्यलाई यसरी चिनाएका छन् :

सर्गबन्धो महाकाव्यमुच्यते तस्य लक्षणम्
आशीर्नमस्क्रिया वस्तुनिर्देशो वापि तन्मुखम् ॥१:१४
इतिहासकथोद्भूतमितरद्वा सदाश्रयम् ।
चतुर्वर्गफलोपेतं चतुरोदात्तनायकम् ॥१:१५
नगरार्णवशैलर्तुचन्द्रार्कोदयवर्णनैः ।
उद्यानसलिलक्रीडामधुपानरतोत्सवैः ॥१:१६
विप्रलम्भैर्विवाहैश्च कुमारोदयवर्णनैः ।
मन्त्रदूतप्रयाणाजिनायकाभ्युदयैरपि ॥१:१७

अलङ्कृतमसंक्षिप्तं रसभावनिरन्तरम् ।
सर्गैरनतिविस्तीर्णैः श्रव्यवृत्तैः सुसन्धिभिः ॥ १:१८
सर्वत्र भिन्नवृत्तान्तैरुपेतं लोकरञ्जकम् ।
काव्यं कल्पान्तरस्थायि जायेत सदलङ्कृति ॥ १:१९ (दण्डी १९९६:१६-२०)

उनका अनुसार महाकाव्यसर्गमा आबद्ध हुन्छ, महाकाव्यको प्रारम्भ आशीर्वादात्मक, नमस्कारात्मक वा वस्तुनिर्देशात्मक मंगलाचरणबाट हुन्छ, ऐतिहासिक कथा वा कुनै सत्पुरुषको कथामा आबद्ध हुनु, धर्मार्थकाममोक्ष प्राप्तिको उद्देश्य राखी रचना गर्नु, चतुर तथा उदात्त नायकलाई कथाको मुख्य पात्र बनाउनु महाकाव्यमा अपेक्षित हुन्छ । यसै गरी महाकाव्यमा नगर, समुद्र, पर्वत, ऋतु, चन्द्रसूर्योदय, उद्यान, विहार, जलक्रीडा, मदिरापान, सम्भोग शृङ्गार, विप्रलम्भ शृङ्गार, विवाह, पुत्रोत्पत्ति, शत्रुलाई जित्न गुप्तभाषण, दूतसम्प्रेषण, विजययात्रा, नायकको विजय प्राप्ति आदिको वर्णन गरिएको हुनुपर्छ । त्यस्तै महाकाव्यमा यी विविध विषययुक्त सर्गहरू रस भावले पूर्ण हुनुपर्छ, रसभावको आवश्यकताभन्दा बढी विस्तार हुनु हुँदैन, दोषरहित छन्दप्रयोगका साथ महाकाव्यको भाषाशैली आलङ्कारिक हुनुपर्छ । यसै गरी महाकाव्यका सर्गमा भिन्न भिन्न घटनाको वर्णन र सर्गान्तमा छन्द परिवर्तन समेत गरिनुपर्छ । यसै गरी प्रतिनायकको वंश, वर्णन आदिको वर्णन गरी त्यसपछि मात्र नायकको उत्कर्षको वर्णन गर्नु पर्दछ भन्दै दण्डीले महाकाव्यका बारेमा वृहत् विवेचन गरेका छन् ।

## वामनको महाकाव्यसम्बन्धी मान्यता

नवौं शताब्दीका आचार्य वामनले 'काव्यालङ्कारसूत्राणि' ग्रन्थको प्रथम अधिकरणमा काव्यको भेदको चर्चा गर्दै महाकाव्यको बारे संक्षिप्त सूचना प्रस्तुत गरेका छन् । उनले अनिबद्ध र निबद्ध काव्य भेद स्वीकारी अनिबद्ध अन्तर्गत मुक्तकलाई राखी निबद्धअन्तर्गत महाकाव्य, प्रबन्धकाव्य, नाटक आदिलाई मानेका छन् । उनले दशरूपकलाई महत्व दिँदै यसभन्दा भिन्न अन्य कथा, आख्यायिका र महाकाव्यको समेत कल्पना गर्न सकिने बताएका छन् । उनले "यच्च कथाख्यायिके महाकाव्यमिति, तल्लक्षणञ्च नातीव हृदयङ्गममित्युपेक्षितमस्माभिः । तदन्यतो ग्राह्यम्" (वामन १९९५:४५) भन्दै महाकाव्यलाई उति महत्व नदिए पनि भामहको काव्यालङ्कारमा भएको महाकाव्यको चर्चाबाट यस विषयमा बुझ्न सकिने कुराको संकेत गरेका छन् ।

## रुद्रटको महाकाव्यसम्बन्धी मान्यता

नवौं शताब्दीका रुद्रट अलङ्कार सम्प्रदायका अन्तिम आचार्य मानिन्छन् । उनले आफ्नो काव्यालङ्कार ग्रन्थको सोह्रौं अध्यायमा महाकाव्यका विषयमा चर्चा गरेका छन् । उनले प्रबन्धमा रसोचित चतुर्वर्गको प्रयोग गर्नुपर्ने बताएका छन् । प्रबन्ध पनि काव्य, कथा, आख्यायिका आदि उत्पाद्य र अनुत्पाद्य गरी दुई प्रकारको रहने उनको धारणा छ । रुद्रटको महाकाव्य सम्बन्धी विचार यसप्रकार रहेको छ :

तत्रोत्पाद्ये पूर्वं सन्नगरीवर्णनं महाकाव्ये ।
कुर्वीत तदनु तस्यां नायकवंशप्रशंसा च ॥१६:७
तत्र त्रिवर्गसक्तं समिद्धशक्तित्रयं च सर्गगुणम् ।
रक्तसमस्तप्रकृतिं विजिगीषुं नायकं न्यस्येत् ॥१६:८
विधिवत्परिपालयतः सकलं राज्यं च राजवृत्तं च ।
तस्य कदाचिदुपेतं शरदादिं वर्णयेत्समयम् ॥१६:९

स्वार्थं मित्रार्थं वा धर्मादिं साधयिष्यतस्यस्य ।
कुल्यादिष्वन्यतमं प्रतिपक्षं वर्णयेद्गुणिनम् ॥१६:१०
स्वचरात्तद्दूताद्दा कुतोऽपि वा शृण्वतोऽरिकार्याणि ।
कुर्वीत सदसि राज्ञां क्षोभं क्रोधेद्धचित्तगिराम् ॥ १६:११
संमन्त्र्य समं सचिवैर्निश्चित्य च दण्डसाध्यतां शत्रोः ।
तं दापयेत्प्रयाणां दूतं वा प्रेषयेन्मुखरम् ॥ १६:१२
अथ नायकप्रयाणे नागरिकाक्षोभजनपदाद्रिनदीः ।
अटवीकाननसरसीमरुजलधिद्वीपभुवनानि ॥१६:१३
स्कन्धावारनिवेशं क्रीडां यूनां यथायथं तेषु ।
रव्यस्तमयं सन्ध्यां संतमसमथोदयं शशिनः ॥१६:१४
रजनीं च तत्र यूनां समाजसंगीतपानशृङ्गारान् ।
इति वर्णयेत्प्रसङ्गात्कथां च भूयो निबध्नीयात् ॥१६:१५
प्रतिनायकमपि तद्वत्तदभिमुखममृष्यमाणमायान्तकम् ।
अभिदध्यात्कार्यवशान्नगरीरोधस्थितं वापि ॥१६:१६

रुद्रटका अनुसार महाकाव्यको प्रारम्भमा सुन्दर नगरीको वर्णन गर्दै नायकको कुलको प्रशंसा गर्नुपर्दछ । त्यसपछि मन्त्र, प्रभु र कोषशक्तिसम्पन्न, सर्गगुणयुक्त, प्रजाहरूका प्रिय र विजयाभिलाषी नायकको वर्णन गर्नुपर्दछ । त्यस्तै राज्य र राजधर्मको पालन गर्ने क्रममा आएका शरद् आदि ऋतुहरूको वर्णन गर्नु आवश्यक छ । आफ्नो मित्रका लागि वा धर्मका निमित्त काम गर्ने भएका नायकलाई प्रतिनायकका तुलनामा कुल, गुण आदि आधारमा अग्रणी देखाउनु पर्छ । राजसभामा आफ्नो वा प्रतिपक्षी दूतबाट अथवा अरू नै मध्यमबाट पनि शत्रुका कार्यका बारेमा सुनी नायक रिसाएको वर्णन गर्नुपर्दछ । मन्त्रीहरूका साथ सल्लाह गरी शत्रुलाई दण्ड दिन शत्रुप्रति आक्रमण गर्नुपर्छ वा दूत पठाउनु पर्छ । नायकको प्रस्थानमा नागरिकहरूमा धैर्यको वर्णन गर्नुपर्छ साथै देश, पर्वत, नदी, ठूलो वन, तलाउ, मरुभूमि, सागर, द्विप, लोक, विभिन्न स्थानमा युवकको क्रीडा, सूर्यास्त, सन्ध्या, अन्धकार, चन्द्रोदय, रात्रि, युवकसमूह, सङ्गीत, पानगोष्ठी र शृङ्गारको प्रसङ्गानुकूल वर्णन गर्नुपर्दछ । नायकको जस्तै युद्ध गर्न तत्पर प्रतिनायकको पनि वर्णन गर्नुपर्दछ, नगरीमा शत्रुले घेरा हालेको वर्णन पनि गर्नुपर्दछ । बिहानै हुने युद्धका कारण मृत्युको आशङ्का गर्ने भएका सेनाहरूलाई पत्नीहरूले मदिरापानको सन्देश दिएको कुरा पनि समावेश गर्नुपर्छ । साथै परस्पर भएको भीषण युद्धमा नायकको कठिनतापूर्वक गरिएको विजयको वर्णन गर्नुपर्दछ । त्यस्तै महाकाव्यमा भरत आदि आचार्यद्वारा निर्दिष्ट सम्बद्ध सन्धिहरू तथा अवान्तर प्रकरणको प्रयोग गरी सर्गहरू विभाजन गर्नुपर्दछ भन्दै आचार्य रुद्रटले महाकाव्यका बारेमा आफ्नो विचार उल्लेख गरेका छन् ।

## आनन्दवर्धनको महाकाव्यसम्बन्धी मान्यता

नवौं शताब्दीकै ध्वनिवादी आचार्य आनन्दवर्धनले आफ्नो ध्वन्यालोक ग्रन्थको तृतीय उद्योतमा ध्वनि विवेचनका क्रममा काव्यको चर्चा गरेका छन् । उनका अनुसार संस्कृत, प्राकृत र अपभ्रंश भाषामा निबद्ध काव्यका भेदअन्तर्गत मुक्तक, सन्दानितक, विशेषक, कलापक, कुलक, पर्यायबन्ध, परिकथा, खण्डकथा, सकलकथा, सर्गबन्ध, अभिनेयार्थ, आख्यायिका र कथा (आनन्दवर्धन : १९८२:३५३) रहेका छन् । उनले सर्गबन्ध भनेर महाकाव्यलाई

जनाएका हुन् । उनले महाकाव्यको छुट्टै लक्षण नबताए पनि काव्यमा औचित्यपूर्ण रसको प्रयोग हुनुपर्नेमा उनले जोड दिएका छन् । उनले काव्य व्यञ्जकताका हेतुका रूपमा वर्ण, पद, वाक्य, सङ्घटना र प्रबन्ध रहने कुरा जनाएका छन् । वस्तु, अलङ्कार र रस ध्वनिको प्रयोगले काव्यलाई उत्कृष्ट बनाउँछ भन्ने उनको मान्यता रहेको छ । महाकाव्यादि प्रबन्धलाई व्यञ्जित गर्ने कारकतत्वअन्तर्गत उनले निम्न विषयहरू अघि सारेका छन् :

विभावभावानुभावसञ्चार्यौचित्यचारुणः
विधिः कथाशरीरस्य वृत्तस्योत्प्रेक्षितस्य वा ॥३:१०।
इतिवृत्तवशायातां त्यक्त्वाऽननुगुणां स्थितिम् ।
उत्प्रेक्ष्याभ्यन्तराभीष्टरसोचितकथोन्नयः ॥३:११
सन्धिसन्ध्यङ्गघटनं रसाभिव्यक्त्यपेक्षया ।
न तु केवलया शास्त्रस्थितिसम्पादनेच्छया ॥३:१२
उद्दीपनप्रशमने यथावसरमन्तरा ।
रसस्यारब्धविश्रान्तेरनुसन्धानमङ्गिनः ॥३:१३
अलङ्कृतीनां शक्तावप्यानुरूप्येण योजनम् ।
प्रबन्धस्य रसादीनां व्यञ्जकत्वे निबन्धनम् ॥३:१४

उनका अनुसार काव्यमा विभाव, स्थायीभाव, अनुभाव र सञ्चारीभावको औचित्यले सुन्दर ऐतिहासिक वा कविकल्पित कथावस्तु तयार गर्नुपर्छ । ऐतिहासिक घटनामा रहेको रसप्रतिकूल स्थितिलाई त्याग्नु पर्दछ र अभीष्ट रसको कल्पना गरी कथा निर्माण गर्नुपर्दछ, रस अनुकूलका सन्धि र सन्धिका अङ्गहरूको रचना गर्नुपर्छ । केवल शास्त्रीय मर्यादाको पालन गर्न मात्र होइन । त्यस्तै कथानकको बीचमा सन्दर्भ अनुसार रसलाई उद्दीप्त बनाउने र प्रशमित गर्नुपर्छ साथै प्रारम्भदेखि समाप्तिपर्यन्त अङ्गी रसलाई अवलम्बन गर्नुपर्छ एवं रसअनुकूलका सान्दर्भिक अलङ्कारहरूको प्रयोग गर्नुपर्छ भन्दै काव्यलाई औचित्यपूर्ण रस, अलङ्कार, गुण, सङ्घटना आदिका माध्यमबाट उत्कृष्ट बनाउन सकिने धारणा आनन्दवर्धनले राखेका छन् । ध्वन्यालोक ग्रन्थकै लोचन टीकामार्फत अभिनवगुप्तले पनि काव्यसम्बन्धी आनन्दवर्धनकै विचारलाई समर्थन गर्दै व्याख्यान गरेका छन् ।

## हेमचन्द्रको महाकाव्यसम्बन्धी मान्यता

बाह्रौं शताब्दीका हेमचन्द्रले **काव्यानुशासनम्** ग्रन्थमा आफ्ना महाकाव्यसम्बन्धी विचारहरू प्रकट गरेका छन् । महाकाव्यको परिचय दिँदै उनी लेख्छन् -"पद्यं प्रायः संस्कृतप्राकृतापभ्रंशग्राम्यभाषानिबद्धभिन्नान्त्यवृत्तसर्गाश्वाससंध्यवस्कन्धकबन्धं सत्संधि शब्दार्थवैचित्र्योपेतं महाकाव्यम्" (हेमचन्द्र : १९३४:३९५) । उनका अनुसार छन्दमा रचना गरिएको, संस्कृत, प्राकृत, अपभ्रंश जस्ता भाषाहरू निबद्ध, विभिन्न सर्गहरूमा रचित, मुख, प्रतिमुखजस्ता सन्धिहरूले सुन्दर एवं शब्दार्थवैचित्यले युक्त काव्य नै महाकाव्य हो । उनले शब्दवैचित्यको व्याख्या गर्दै यसअन्तर्गत असंक्षिप्तग्रन्थ, परस्परनिबद्ध सर्ग, आशीर्वादात्मक, नमस्कारात्मक वा वस्तुनिर्देशात्मक मङ्गलाचरण, कविप्रशंसा, सुजनदुर्जन स्वरूप आदिको विषय राखेका छन् भने अर्थवैचित्यअन्तर्गत चतुर्वर्ग प्राप्ति, उदात्तनायक, समुचित रस भाव, नगर, आश्रम, सैन्य, समुद्र, ऋतु, रात्रि, दिन, सूर्योदय, चन्द्रोदय, वाहन, मन्त्रणा, दूतप्रयाण, संग्राम, अभ्युदय, वनविहार, जलक्रीडा, मधुपान, रतोत्सव आदिको वर्णन हुनुपर्ने (हेमचन्द्र : १९३४:४०२) बताएका

छन् । यसैगरी उनले उभयवैचित्यअन्तर्गत रसानुरूप सन्दर्भ, अर्थानुसारको छन्द, लोकरञ्जकता, आलङ्कारिकता, देश, काल, पात्र आदिको सान्दर्भिकता जस्ता विषयवस्तु समावेश गरेका छन् ।

**विश्वनाथको महाकाव्यसम्बन्धी मान्यता**

चौधौं शताब्दीका विश्वनाथले आफ्नो साहित्यदर्पण नामक लाक्षणिक ग्रन्थको छैटौं सर्गमा महाकाव्यका बारेमा विस्तृत चर्चा गरेका छन् । उनले प्रस्तुत गरेको महाकाव्यसम्बन्धी मान्यतालाई व्यवस्थित र वैज्ञानिक मानिन्छ । महाकाव्यसम्बन्धी विशद चर्चा गर्ने उनी अन्तिम आचार्य हुन् । उनले प्रस्तुत गरेको महाकाव्यसम्बन्धी धारणा यसप्रकार रहेको छ :

सर्गबन्धो महाकाव्यं तत्रैको नायकः सुरः ॥६:३१५
सद्वंशः क्षत्रियो वापि धीरोदात्तगुणान्वितः ।
एकवंशभवा भूपाः कुलजा वहवोऽपि वा ॥६:३१६
शृङ्गारवीरशान्तानामेकोऽङ्गी रस इष्यते ।
अङ्गानि सर्वेऽपि रसाः सर्वे नाटकसन्धयः ॥६:३१७
इतिहासोद्भवं वृत्तमन्यदा सज्जनाश्रयम् ।
चत्वारस्तस्य वर्गाः स्युस्तेष्वेकं च फलं भवेत् ॥६:३१८
आदौ नमस्क्रियाशीर्वा वस्तुनिर्देश एव वा ।
क्वचिन्निन्दा खलादीनां सतां च गुणकीर्तनम् ॥६:३१९
एकवृत्तमयैः पद्यैरवसानेऽन्यवृत्तकैः
नातिस्वल्पा नातिदीर्घाः सर्गा अष्टाधिका इह ॥६:३२०
नानावृत्तमयः क्वापि सर्गः कश्चन दृश्यते
सर्गान्ते भाविसर्गस्य कथायाः सूचनं भवेत् ॥६:३२१
संध्यासूर्येन्दुरजनीप्रदोषध्वान्तवासराः ।
प्रातर्मध्याह्नमृगयाशैलर्तुवनसागराः ॥६:३२२
संभोगविप्रलम्भौ च मुनिस्वर्गपुराध्वराः ।
रणप्रयाणोपयममन्त्रपुत्रोदयादयः ॥६:३२३
वर्णनीया यथायोगं साङ्गोपाङ्गा अमी इह ।
कवेर्वृत्तस्य वा नाम्ना नायकस्येतस्य वा ॥ ६:३२४

**(विश्वनाथ : १९९४:५९०-५९२)**

विश्वनाथका अनुसार महाकाव्य सर्गमा आबद्ध हुनपर्छ साथै धीरोदात्त गुणयुक्त देवता वा कुलीन क्षत्रीय नायक हुनुपर्छ अथवा एकै वंशका धेरै राजा नायक हुन सक्छन् । महाकाव्यमा शृङ्गार, वीर र शान्तमध्ये एउटा रस प्रमुख हुनुपर्छ, अन्य रसहरू अङ्ग हुन्छन्, महाकाव्यमा सबै नाट्यसन्धिहरू रहन्छन् । यसमा इतिहास प्रसिद्ध वा कुनै सज्जनको चरित्र वर्णित हुन्छ, साथै धर्म, अर्थ, काम र मोक्षमध्ये एकै प्रधान रहन्छ । महाकाव्यको प्रारम्भमा नमस्कारात्मक, वस्तुनिर्देशात्मक वा आशीर्वादात्मक मङ्गलाचरण हुनुपर्छ । त्यस्तै कतै दुर्जनको निन्दा र कतै सज्जनको प्रशंसासमेत हुनपर्छ । सर्ग एकै छन्दमा रचित हुनुपर्छ र सर्गान्तमा छन्द परिवर्तन गरिनु पर्दछ, सर्गहरू

न लामा न छोटा आठभन्दा बढी हुनुपर्छ । कुनै महाकाव्यको एउटै सर्गमा विभिन्न छन्द प्रयोग गरिएको पनि देखिएका छन् । सर्गान्तमा आउँदो सर्गको कथावस्तुको सूचना समेत दिनुपर्छ । यसै गरी महाकाव्यमा सन्ध्या, सूर्य, चन्द्र, रात, रात्रिको पूर्वभाग, अन्धकार, दिन, प्रभात, मध्याह्न, सिकार, पर्वत, ऋतु, वन, समुद्र, सम्भोग र विप्रलम्भ शृङ्गार, मुनि, स्वर्ग, नरक, यज्ञ, युद्ध, यात्रा, विवाह, मन्त्रणा, पुत्रोदय आदिको वर्णन गर्नुपर्छ । महाकाव्यको शीर्षक कवि, पात्र, नायक वा प्रतिनायकको नामबाट राख्न सकिन्छ भनी विश्वनाथले आफ्नो महाकाव्यीय मान्यतालाई प्रस्तुत गरेका छन् ।

## संस्कृत महाकाव्य सिद्धान्तका मूलभूत तत्वहरू

आचार्य भामहबाट सुरु भएको महाकाव्य लक्षण परम्परा विश्वनाथसम्म विकसित र विस्तारित भएको छ । भामहले महाकाव्यको स्वरूपका बारेमा संक्षेपमा बताएका छन् भने यसपछिका दण्डी, रुद्रट एवं विश्वनाथले यस विषयमा विस्तृत रूपमा विवेचन गरेका छन् । महाकाव्य विषयप्रधान इतिवृत्तात्मक काव्य हो जसमा सानुबन्ध कथा, भावव्यञ्जना तथा वस्तुव्यञ्जनामाथि बढी जोड दिइएको हुन्छ (राजवंश : २००२:६२३) । संस्कृत महाकाव्यशास्त्रीहरूले बताएका महाकाव्यसम्बन्धी मूलभूत तत्वहरूमा सर्गबद्धता हुनु उदात्त चरित्र भएको कुलीन नायक रहनु, शृङ्गार, वीर र शान्तमध्ये एउटा अङ्गी रस हुनु, नाट्यसन्धिको प्रयोग गर्नु, ऐतिहासिक, काल्पनिक वा सज्जनमा आश्रित कथावस्तु हुनु, चतुर्वर्गमध्ये कुनै एक प्राप्तिमा केन्द्रित हुनु, मङ्गलाचरण गरिनु, आठभन्दा बढी सर्ग हुनु, सर्गान्तमा छन्द परिवर्तन गर्नु र भावीसर्गको कथाको सूचना दिनु, रस, अलंकार, सङ्घटन आदिको औचित्यपूर्ण प्रयोग हुनु, प्रसङ्गअनुसार सन्ध्या, सूर्य, चन्द्र, रात्रि आदिको वर्णन गरिनु जस्ता विषय रहेका छन् ।

भरतमुनिले नाट्यशास्त्रका लागि आवश्यक ठानेका पञ्चसन्धिलाई भामहले महाकाव्यमा समेत प्रयोग गर्नुपर्ने जनाए । काव्यमा पाँच सन्धिको आवश्यकता नरहे पनि महाकाव्यमा भने यसको आवश्यकता रहने विश्वनाथ बताउँछन् । यसलाई अन्य काव्यशास्त्रीहरूले पनि स्वीकार गरेको देखिन्छ । चतुर्वर्गलाई महाकाव्यले चित्रण गर्नुपर्दछ भन्ने रुद्रटको मान्यता रहेको छ साथै उनले महाकाव्यमा समग्र रस रहनुपर्ने स्वीकारेका छन् । दण्डीले महाकाव्यमा श्रुतिरमणीय छन्द प्रयोग हुनुपर्ने जनाएका छन् साथै उनले रामायण, महाभारत जस्तो विशाल संचरना भएको महाकाव्यभन्दा संक्षिप्त संरचनाको महाकाव्यलाई नै बढी महत्व दिएका छन् । विश्वनाथले पूर्वाचार्यहरूले बताएका विषयहरूलाई व्यवस्थित गर्दै महाकाव्यमा आठ सर्गभन्दा बढी हुनपर्ने, एउटा सर्गमा एउटै छन्द प्रयोग हुनुपर्ने र सर्गान्तमा छन्द परिवर्तन गर्नुपर्ने जस्ता नयाँ मान्यताहरूलाई थपेको देखिन्छ ।

## संस्कृत महाकाव्य सिद्धान्तका आधारहरू

संस्कृत साहित्य वैदिक र लौकिक गरी दुई रूपमा विकसित भएको छ । वैदिक साहित्यमा संस्कृतको जटिल रूपको प्रयोग भएको पाइन्छ भने लौकिक संस्कृतमा तुलनात्मक रूपमा भाषिक सरलता पाइन्छ । वैदिक कालपछि संस्कृत भाषामा महाकाव्य निर्माण सुरु भएका छन् । लगभग ई.पू. ६०० तिर व्यास निर्मित महाभारत र वाल्मीकि रचित रामायण देखिए । यी ग्रन्थहरूलाई महाकाव्यधर्मी रचना मानिन्छ । यी दुवै इतिहासपरक काव्य भए पनि यिनमा कलात्मकता र आलङ्कारिकता प्रशस्त पाइन्छ । मूलतः यी दुई कृतिहरूलाई आधार मानी भामह, दण्डी आदिले महाकाव्य सिद्धान्त प्रतिपादन गरेको बुझिन्छ । यसैगरी ई.पू. ५०० देखि इ. ४०० सम्ममा पाणिनिका पाताल विजय र जाम्बवती विजय, अश्वघोषका बुद्धचरित र सौन्दरानन्द, कालिदासका कुमारसम्भव र रघुवंश आदि महाकाव्यहरू रचना भएका थिए । छैटौं शताब्दीका भामहले महाकाव्य सिद्धान्तका विषयमा आफ्नो

विचार प्रस्तुत गर्ने समयमा उनले यी कलात्मक महाकाव्यहरूबाट प्रभाव ग्रहण गरी सैद्धान्तिक स्वरूप निर्माण गरेको बुझिन्छ । ईस्वीको ५०० देखि १२०० सम्मको अवधिमा अझ परिष्कृत एवं गहन महाकाव्यहरू रचना गरिए । जसमा भारविको किरातार्जुनीयम्, माघको शिशुपालवधम् र श्रीहर्षको नैषधीय चरितम् जस्ता उत्कृष्ट विचित्रमार्गी महाकाव्यहरू लेखिए । यी महाकाव्यहरूको अध्ययन विश्लेषणबाट महाकाव्यको कथानक, चरित्र, रस, अलङ्कार, छन्द आदि विषयमा पश्चाद्वर्ती काव्यशास्त्रीहरूले महाकाव्यीय सिद्धान्त निर्माणका लागि प्रशस्त आधार प्राप्त गरेको देखिन्छ । चौधौं शताब्दीका विश्वनाथले रामायण, महाभारत लगायत कालिदासका विश्वप्रसिद्ध महाकाव्यहरू एवम् भारवि, माघ र श्रीहर्षका उत्कृष्ट काव्यरत्नहरूको सूक्ष्मतम अध्ययन, विश्लेषणबाट परिष्कृत र व्यवस्थित महाकाव्य सिद्धान्त तयार गरेको देखिन्छ । जुन सिद्धान्तलाई अहिलेसम्मकै पूर्वीय काव्यशास्त्रीहरूले सम्मान गरेका छन् र पूर्वीय काव्यजगत्का महाकविहरूले सोही सिद्धान्तलाई आधारमानी महाकाव्यहरू लेख्ने गरेको पाइन्छ । नेपाली साहित्यका महाकाव्यकार सोमनाथ सिग्द्यालले संस्कृत महाकाव्य सिद्धान्तको पूर्णतः पालना गरी आदर्श राघव महाकाव्य लेखेको देखिन्छ ।

## निष्कर्ष

संस्कृत साहित्यलाई विश्वसाहित्यका क्षेत्रमा चिनाउन संस्कृत महाकाव्यको उल्लेख्य भूमिका रहेको छ । रामायण, महाभारतजस्ता ऐतिहासिक एवं काव्यिक ग्रन्थहरू र कालिदास, भारवि, माघ, श्रीहर्षजस्ता लब्धप्रतिष्ठित स्रष्टाहरूका महाकाव्यका धरातलमा संस्कृत महाकाव्य सिद्धान्त तयार भएको पाइन्छ । जुन सिद्धान्तले महाकाव्य रचनाको लामो यात्रालाई उपयुक्त मार्गप्रदर्शन गरी गन्तव्यमा पुऱ्याउन साथ दिन्छ । महाकाव्य सिद्धान्तका विषयमा छैटौं शताब्दीका आचार्य भामहबाट सुरु भएको अवधारणा प्रस्तुति चौधौं शताब्दीका विश्वनाथसम्म आइपुग्दा परिपक्व, विकसित, व्यवस्थित र वैज्ञानिक अवस्थामा परिणत भइसकेको देखिन्छ । भामह, दण्डी, रुद्रट, विश्वनाथ आदि सबैजसो आचार्यहरूले महाकाव्यलाई सुगठित ढाँचामा तयार गरी संस्कृत वाङ्मयको भण्डारमा गुणात्मक पहिचान कायम गराउन प्रस्तुत गरेका विचारहरू अधिकांश दोहोरिएका छन्, केही थपिएका छन् र केहीको विशिष्टीकरण गरिएको छ तर अलङ्कारवादी र ध्वनिवादी आचार्यहरूमा जस्तो मतभिन्नता र विरोधिता देखिँदैन । महाकाव्यमा कथावस्तुलाई पद्यात्मक भाषामा सर्गमा आबद्ध गरी देश, काल, परिवेशअनुसार आलङ्कारिक र रसात्मक शैलीमा उदात्त चरित्रको चित्रण गर्दै र चन्द्रसूर्य, ऋतु आदिको वर्णन गर्दै महाकाव्य चतुर्वर्गको फलप्राप्तिमा केन्द्रित हुनुपर्छ भन्ने काव्यशास्त्रीहरूबीच साझा धारणा रहेको देखिन्छ । यिनै संस्कृत महाकाव्यका सिद्धान्तको अनुसरण गर्दै आजसम्म पनि संस्कृत र नेपाली लगायतका भाषाहरूमा महाकाव्य निर्माण भइरहेको देखिन्छ ।

## सन्दर्भ सामग्री सूची

आनन्दवर्धन, **ध्वन्यालोकः** (व्याख्याता-जगन्नाथ पाठक), तृ.सं., वाराणसीः चौखम्बा विद्याभवन, ई.१९८२ ।

गैरे, ईश्वरीप्रसाद, **आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य**, काठमाडौंः न्यु हिरा बुक्स इन्टरप्राइजेज, वि.सं. २०६० ।

गैरोला, वाचस्पति, **संस्कृत साहित्य का इतिहास**, तृ.सं., वाराणसी : चौखम्बा विद्याभवन, ई. २००२ ।

दण्डी, **काव्यादर्शः**, (व्याख्याता-डा. जमुना पाठक), वाराणसीः चौखम्बा कृष्णदास अकादमी, ई. २००५।

दाहाल, लोकमणि, **संस्कृतसाहित्येतिहासः** वाराणसीः कृष्णदास अकादमी, वि.सं. २०५० ।

भामह, **काव्यालङ्कारः** (सम्पा. वटुकनाथ शर्मा, वलदेव उपाध्याय), द्वि.सं., वाराणसीः चौखम्बा संस्कृत संस्थान, वि.सं. २०१९ ।

राजवंश सहाय 'हीरा', **संस्कृत-साहित्य-कोश**, च.सं., वाराणसीः चौखम्बा विद्याभवन, इ. २००२ ।

रुद्रट, **काव्यालङ्कारः**, वाराणसीः चौखम्बा विद्याभवन, वि.सं. २०२३ ।

वामन, **काव्यालङ्कारसूत्रवृत्तिः** द्वि.सं., वाराणसीः चौखम्बा सुरभारती प्रकाशन, ई. १९९५ ।

विश्वनाथः, **साहित्यदर्पणः**, (व्याख्याता-शेषराज रेग्मी), च.सं., वाराणसीः कृष्णदास अकादमी, ई. १९९४ ।

हेमचन्द्र, **काव्यानुशासनम्**, द्वि.सं., मुम्बइः पाण्डुरङ्ग जावजी, ई. १९३४ ।